नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम बिज्ञान बिभाग

# जल तथा मौसम विज्ञान कार्यालय

धरान (सुनसरी)

प.सं. : २०७६/०७७
च.नं. : १५

मिति :२०७६।०४।२०

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सुचना**

यस विभागवाट आ.व.०७६/७७ का लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क. तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ प्रयोजनाथ छुट्टाछुट्टै कार्यका लागि इजाजत प्राप्त इच्छुक व्यक्ति, सस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरु समावेश हुन चाहेमा ऐ. नियमावलीको नियम १८(१) मा भएको व्यवस्था अनुसार अनुसची २क. को ढाँचामा देहायबमोजिम कार्यको लागि छुट्टाछुट्टै निवेदन दिई दर्ता गराउन हुन सुचित गरिन्छ । रित नपुगेका निवेदनलाई सुचीमा समावेश गरिने छैन ।

**१. मालसामान खरिद तथा आपूर्तिः**

मसलन्द / कार्यालय सामान, छपाइ सम्बन्धी कार्य, पत्रपत्रिका तथा पुस्तक, फर्निचर तथा फर्निसिङ, गुणस्तरयुक्त पिउने पानी, इलक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरण, सञ्चार उपकरण, सवारी साधनका पार्टपूर्जा, जलविज्ञान तथा मौसम विज्ञानसँग सम्बन्धित उपकरण आदी ।

**२. निर्माण तथा रंगरोगन र मर्मत सम्बन्धी कार्यहरुः**

चार पांग्रे सवारी साधन / मोटरसाइकल / साइकल मर्मत, इलक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरण, सञ्चार उपकरण, फर्निचर तथा फिक्सचर सम्बन्धी, जलविज्ञान तथा मौसम विज्ञानसँग सम्वन्धित कार्यहरु, निर्माण तथा सामान्य मर्मत सुधार (धारा, विजली, शौचालय आदी समेत) आदी ।

**३. सेवा / परामर्श तथा तालिम सम्बन्धी कार्यहरुः**

हुलाक, कुरियर सम्बन्धी, आवश्यकीय कानूनी सेवा, कार्यालय सरसफाई तथा सुरक्षा सम्बन्धी, सुचना प्रकाशन, प्रशारण तथा श्रव्यदृष्य सम्बन्धी, नेटवर्किङ, सफटवेयर, सर्भिसिङ, इन्टरनेट तथा वेभसाइट अपडेट सम्बन्धी, सवारी साधन सम्बन्धी तालिम; कम्प्युटर, डाटावेस व्यवस्थापन तथा इलेक्ट्रोनिक सम्बन्धी तालिम; जल विज्ञान तथा मौसम विज्ञानसँग सम्बन्धी तालिम, गोष्ठि, सेमिनार सञ्चालन तथा व्यवस्थापन; खरिद, लेखा, मूल्यांकन तथा प्रशासनिक सम्बन्धी तालिम, गोष्ठि, समिनार सञ्चालन तथा व्यवस्थापन; जल विज्ञान, मौसम विज्ञान तथा वातावरण सम्बन्धी सर्भे, डिजाइन तथा इष्टिमेट; मालसामान ढुवानी तथा फिल्ड अनुगमन लगाएत अन्य प्रयोजनका लागी गाडी भाडामा लिने आदी ।

**४. अन्य सेवाहरु**

**आवश्यक कागजातहरुः**

क) अद्यावधिक फर्म दर्ता प्रमाण पत्र (आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र समेत),

ख) स्थाई लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,

ग) आ.व. ०७४/७५ को कर चुक्ता प्रमाणपत्र,

घ) पेशागत कसूरमा सजाय नपाएको / कालो सुचिमा नपरेको स्वघोषणा,

ङ) यस सूचनामा नभएका अन्य कुराहरुका हकमा प्रचलित कानूनबमोजिम समावेश भएको मान्नुपर्नेछ ।

अन्य विस्तत जानकारीका लागि कार्यालयको सचनापाटी, वा कार्यालय समय भित्र कार्यालयमा सम्पक गर्न हुन जानकारी गराइन्छ । मौजूदा सचीमा समावेश गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

**फोन नं. ०२५ ५२०२७२**

०७६/०४/२०
धनवीर यादव
कार्यालय प्रमुख